कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# नेपाल हाइड्रो डेभलोपर लिमिटेड
# Nepal Hydro Developer Limited

डिल्लीबजार ३३, काठमाडौं, नेपाल
फोन नं: ९७७-०१-४४४११३१, ४४४१४४४
वेवसाइट: www.charnawatihydro.com , इमेल: info@charnawatihydro.com

को

(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१),धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) र धितापत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अन्तर्गत प्रकाशित)

# विवरण पत्र

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| प्रति शेयर नेटवर्थ (रु) | ८२.३१ | ८२.११ | ८९.२२ | १००.१७ | ११३.०७ | १२८.१६ |
| प्रति शेयर आम्दानी (रु) | ५.४७ | ०.३२ | ७.०८ | ८.३ | १२.९० | १५.१ |

कम्पनीले आफ्नो जारी पूँजी रु २६,००,००,०००/- (अक्षेरेपी छब्बिस करोड रुपैंया) को १५% अर्थात रु ३,९०,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरका ३,९०,००० कित्ता शेयरमध्ये ७,८०० कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र १९,५०० कित्ता (५ प्रतिशत) शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ३,६२,७०० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन।

दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवादेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गर्नेछ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारका प्रत्याभूत गरेको वा जिम्मेवार लिएको मानिने छैन।

आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्ला, हाल भिमेश्वर न.पा. वडा नं ५ र ७साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११),हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) का बासिन्दाहरुलाई जारी गरेको शेयर खरीद गरी कायम भएका शेयरधनीरुले यस विवरण पत्र मार्फतसर्वसाधारणहरुलाई जारी गरिनेसाधारण शेयर खरीद गर्नका लागि आवेदन दिन पाउने छैन (साथै, संस्थापक तथा सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यलले समेतयस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लिमिटेडले "(ICRANP)IPO Grade 4" प्रमाणपत्र प्रदान गरेको छ। "(ICRANP)IPO Grade 4" ले औषत भन्दा तल आधारहरु (Below-Average Fundamentals )जनाउँछ (सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट) मा उल्लेख गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७४/०३/२३
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७४/०४/०१
निष्काशन खुल्ला हुने मिति :२०७४/०४/२७
निष्काशन बन्द हुने मिति (छिटोमा) :२०७४/०४/३२ (बैंकिङ्ग समय पश्चात)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०७४/०५/२५ (बैंकिङ्ग समय पश्चात)

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:**

NMB CAPITAL LIMITED

## एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं
फोन: ९७७-१-४४३७९६३, फ्याक्स: ९७७-१-४४३७९६०
इमेल: info@nmbcl.com.npवेवसाइट: www.nmbcl.com.np

## १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक" भन्नाले एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई सम्झनु पर्दछ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद , बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले सार्वजनिक निष्काशनकर्ता कम्पनी नेपाल हाइड्रो डेभलोपर लिमिटेड, वडा नं ३३, डिल्लीबजार काठमाडौंलाई सम्झनुपर्दछ।

ङ)"संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ।

च) "निष्काशन बैंक" भन्नाले भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनका क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैङ्क तथा राष्ट्रिय स्तरको विकास बैङ्क सम्झनु पर्छ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ।

ज)"संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन" भन्नाले नेपाल हाइड्रो डेभलोपर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

झ)"बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

## २.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेवसाइट : www.nmbcl.com.np |
| २. | नेपाल हाइड्रो डेभलोपर लिमिटेड, डिल्लीबजार, काठमाडौं र वेवसाइट: : www.charnawatihydro.com |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा(ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |

**१. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण :**

हामीलाई नेपाल हाइड्रो डेभलपर लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिकालागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं।

**२. संगठित संस्थाको उद्घोषण :**

**क)संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रवन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेकाछौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं।

**ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस नेपाल हाइड्रो डेभलपर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक कम्पनीकोबारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ।

**ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :**

(१) यस कम्पनीकासंस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन्।

(२) यस कम्पनीका सञ्चालक वा प्रमुख कार्यकारी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा प्रमुख कार्यकारी रहेका छैनन्।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीकोसञ्चालक वा कार्यकारी प्रमुख छैनन्।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी छैनन्।

(५) यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारीहुन अयोग्य रहेका छैनन्।

**३. संगठित संस्था सम्बन्धी जानकारी :**

**क)संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम:**नेपाल हाइड्रो डेभलोपर लिमिटेड**(Nepal Hydro Developer Limited**)।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:**

यस नेपाल हाइड्रो डेभलोपर लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/०५/२९ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमाप्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७१/०३/३१ गते पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना:**

यसकम्पनीकोरजिर्ष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौंजिल्ला, का.म.न.पा वडा नं.३३ डिल्लीबजारमारहेको छ। सम्बन्धित निकाएको स्वीकृति प्राप्त गरी अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ।

**(घ) जलविद्युत केन्द्र :**

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु समेत दोलखा जिल्ला हाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) मारहेको छ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**
**नेपाल हाइड्रो डेभलोपर लिमिटेड अर्न्तगर्त स्थापना भएको चर्नावती जलविद्युत आयोजनाको हालसम्मको संक्षिप्त विवरण**

- यस कम्पनी२०६३/०५/२९गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७१/०३/३१गते पब्लिक लिमिटेडमा परिणत भई कम्पनी ऐन २०६३ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ।
- हाल यस कम्पनीमा ९जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।
- कम्पनीले चर्नावती खोलामा आयोजना निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमतीपत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति वि.स.२०६७/०८/१७ गते प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०२/०८/१६ गतेसम्म बहाल रहनेछ ।
- यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” वर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७५प्रतिशत शेयर “क” बर्गका संस्थापक शेयरधनी तथा २५प्रतिशत “ख” वर्गका सर्वसाधारणहरु मध्ये, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रदोलखा जिल्लामा स्थायी बसोबास रहेको आयोजना प्रभावित क्षेत्र(हाल भिमेश्वर न.पा. वडा नं ५ र ७साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६)भित्र पर्ने नेपाली नागरिकलाई र १५ प्रतिशत सर्वसाधारणहरु ( कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ। आयोजना प्रभावित क्षेत्र(हाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६))का बासिन्दाहरुकालागि निष्काशन गरेको रु २,६०,००,०००/- बराबरको २,६०,००० कित्ता शेयर सम्पूर्ण बिक्री भई बाँडफाँट समेत गरी पूँजीकृत भईसकेको छ।
- कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको दोलखा जिल्लाकोहाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६ मा ३.५२ मेघावाट क्षमताको चर्नावतीखोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ।
- कम्पनीले निर्माण गरेको चर्नावतीखोला जलबिद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६७ साल बैशाख १३गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ। उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८ साल माघ २४ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता २०६९ साल कार्त्तिक २२ गते सम्पन्न भैसकेको छ। विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ।
- चर्नावती खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ३.५२ मेघावाट रहेको र उक्त निर्माण कार्य सम्पन्न भई मिति २०७०/०२/२४ गतेदेखि विद्युतको व्यापारिक उत्पादन प्रारम्भ गरिएको छ। यस आयोजनाको कुल लागत रु.६७,२४,८७,९३५.८४ र प्रति मेगावाट उत्पादन लागत रु १९१,०४७,७०९.०४ रहेको छ र यसको Payback Period१२ वर्ष ९ महिना रहेको छ।

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका (संशोधन समेत) मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् :

- चर्नावती खोला जलविद्युत आयोजनाबाट वार्षिक २,०३,८३,४६८ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामका आठ महिनाको लागि १,६१,२६,६१५ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि४२,५६,८५४ किलोवाट घण्टा निर्धारण गरिएको छ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.०० (चार रुपैंया मात्र ) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.७.०० (सात रुपैंया मात्र ) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिलाई

आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

| आर्थिक वर्ष | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) | ७.०० | ४.०० |
| COD पछिको पहिलो आर्थिक वर्ष | ७.२१ | ४.१२ |
| CODपछिको दोश्रो आर्थिक वर्ष | ७.४२ | ४.२४ |
| CODपछिको तेश्रो आर्थिक वर्ष | ७.६३ | ४.३६ |
| CODपछिको चौथो आर्थिक वर्ष | ७.८४ | ४.४८ |
| CODपछिको पाँचौ आर्थिक वर्ष | ८.०५ | ४.६० |
| CODपछिको छैठौं आर्थिक वर्ष | ८.२६ | ४.७२ |
| CODपछिको सातौं आर्थिक वर्ष | ८.४७ | ४.८४ |
| CODपछिको आठौं आर्थिक वर्ष | ८.६८ | ४.९६ |
| CODपछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म | ८.८९ | ५.०८ |

माथिका तालिका वि.सं. २०७१/०७/१३ गतेका दिन संशोधन भएकोले संशोधितविद्युत खरीद दर "सुचिकृत दर" सम्बन्धी मूल्यबृद्धि निम्न तालिकामा व्यवस्था निम्नानुसार हुनेछ।

| **अवधी**<br>PCOD रCOD बिचका ढिला भएको दिन अन्तरपछिको मिति देखि PCOD बाट सात वर्षसम्म PCOD लाई आधार मिति मानी लगत्तै पछिको महिनालाई पहिलो मानी अवधी गणना हुनेगरी | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | **वर्षा याम (बैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सुविधा सम्झौताको अधिनमा रही विल भुक्तानी गर्ने महिनासम्म | ९.६६ | ५.५२ |

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा मिति २०७१/०७/१३ मा भएको विद्युत खरीद बिक्री सम्झौता (संशोधित) को दफा १२.१ मा उल्लेख भए अनुसार माथि दोश्रो तालिकामा उल्लेखित संशोधित विद्युत खरीद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेकोछ।

**नेपाल हाइड्रो डेभलोपर लिमिटेड अर्न्तगत Cascade Project को रुपमा रहेको तल्लो चर्नावती जलविद्युत आयोजनाको हालसम्मको संक्षिप्त विवरण**

कम्पनीले आफ्नै स्वामित्वमा तल्लो चर्नावती जलविद्युत आयोजना (६.८ मेगावाटको) विद्युत सर्वेक्षणको अनुमतिपत्र प्राप्त गरी आयोजना विकास तथा निर्माण गर्ने कार्यमा अघि बढिरहेको छ। नेपाल हाइड्रो डेभलपर लिमिटेड (चर्नावती जलविद्युत आयोजना) अर्न्तगत Cascade Project को रुपमा तल्लो चर्नावती जलविद्युत आयोजना निर्माण गर्ने अवधारण अनुसार नै कम्पनीले तल्लो चर्नावती जलविद्युत आयोजना समेतलाई प्रयोग हुने कार्यालय, गोदाम, कर्मचारी आवास, पहुँच मार्ग, इन्टेक प्रयोग गर्न सकिने गरी निर्माण गरेको र स्वीचयार्ड, सवस्टेशन एवं पावरहाउस पनि सो योजना अनुसार नै केहि बढी मात्रामा जग्गा खरीद गरिएको अवस्था छ । तल्लो चर्नावती आयोजनाका लागि धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा तोकिए बमोजिमको शर्तहरु पालना भए नभएको बारेमा विस्तृत विवरण :

- आफ्नो उद्देश्य अनुसारको कारोवार सञ्चालन गर्नकालागि आवश्यक कार्यहरु अगाडी बढाउदैं एक वर्षको अवधि पुरा गरेको।
- कम्पनीको आ.व. २०७२/०७३ सम्मको लेखा परीक्षण भईसकेको छ।

- कम्पनीले आफ्नो उद्देश्य अनुसार तल्लो चर्नावती जलविद्युत आयोजनाको लागि निम्न निकायहरुबाट आवश्यक अनुमति लिएको र प्रकृया पुरा गरेको :
  - गा.वि.स कार्यालय फस्कु र काटाकुटी, दोलखाबाट उक्त आयोजना निर्माणको सिफारिस पत्र मिति २०७०/०८/३० र २०७०/०९/०१ मा प्राप्त गरेको।
  - विद्युत उत्पादन सर्वेक्षण अनुमति पत्र मिति २०७२/०६/१८ मा उर्जा मन्त्रालयबाट लिएको (अनुमति पत्र संख्या : वि.वि.वि ०७२/७३ नि.उ.स.७०६)
  - विभिन्न समयमा विद्युत विकास विभागमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को लागि पत्रचार गरेको।
  - मिति २०७३/०१/०४ मा सर्वेक्षण अनुमति पत्र संसोधन भएको।
  - विद्युत व्यापार विभाग नेपाल विद्युत प्राधिकरणमा विद्युत खरीद बिक्री सम्झौता (PPA) गर्न आवश्यक प्रकृयाको लागि मिति २०७३/०३/०७ मा अनुरोध गरेको।
- आयोजनाको लागि आवश्यक पर्ने जग्गामध्ये ११-२-३-२ रोपनी पहिले नै किनिसकिएको र बाँकि ७-१३-२-२ रोपनी जग्गा किन्नको लागि अन्तिम चरण्ममा रहेको।
- उपरोक्त आयोजनाको लागि संभाव्यता अध्यायन (Feasibility Study), Tender level Design, Detail Design / Construction Management Supportकालागि Hydro Solution Engineering Consultant Pvt.Ltd.लाई मिति २०१४ जुलाई ०८ मा परामर्शदाता नियुक्ती गरेको।
- आयोजनाको निमार्ण अवधिभरी आयोजनासँग सम्बन्धित ऋण र पुँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राखिने।
- संस्थापकहरुले आयोजनासँग सम्बन्धि लिन कबुल गरेको धितोपत्रको रकम शतप्रतिशत चुक्ता गरिने।
- परियोजना निर्माणकोFinancial Closureहाल सम्पन्न नभएको तर सम्पन्न गर्नकालागि प्रकृया अगाडी बढेको र सो सम्बन्धमा बैंक अफ काठमाडू लिमिटेडबाट मिति २०१६/०६/२० मा Letter of Intentप्राप्त भएको।
- सर्वसाधारणकालागि निष्काशन गरिने शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति गराइने।

तल्लो चर्नावती खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ६.८ मेघावाट रहेको र उक्त आयोजनाको कुल लागत रु.१,१९,०२,६५,९२५ र प्रति मेगावाट उत्पादन लागत रु १७,५०,३९,१०६.६२ रहेको छ। साथै निर्माणाधिन परियोजना तल्लो चर्नावतीको लागि केहि जग्गा पहिलेनै किनिसकिएको र लगभग १० रोपनी जग्गा किन्ने प्रकृयामा रहेको र यस परियोजनाको Payback Period अनुमानित १२ वर्ष रहने छ।

नेपाल हाइड्रो डेभलपर लिमिटेडकोप्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही जलविद्युत उत्पादन कारोवार गर्ने यस कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रशारण तथा वातावरणको सम्भाब्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने गराउने।
(ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको संचालन गरी विद्युत उत्पादन गर्ने।
(ग) उत्पादित विद्युत शक्तिको बिक्री वितरण गर्ने।
(घ) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रशारण तथा वितरण लाइन निर्माण गर्ने, संचालन गर्ने।
(ङ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने।
(च) नेपाल राज्यमा विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने।
(छ) नेपालमा विद्युत उत्पादन गर्नका लागि समबन्धित क्षेत्रमा लगानी गर्ने।
(ज) विदेशी उपकरण तथा प्रविधिक जनशक्ति समेतको व्यवस्था गर्ने।
(झ) नेपाल विद्युत प्राधिकरण तथा अन्य निजी क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा लिई वा खरीद गरी विद्युत सेवा संचालन गर्ने र सामुदायिक रुपमा विद्युत वितरणको कार्य गर्ने।
(ञ) नेपालका नदी नाला, छहराहरको अध्ययन, अनुसन्धान गर्ने र विस्तृत सर्वेषण गर्ने।
(ट) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरसंग सम्पर्क गरी कार्य गर्ने।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

सो नभएको।

(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म)

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

यस कम्पनीले प्रदान गर्ने सेवाहरुमा जलविद्युतआयोजनाको निर्माण, संचालन र व्यवस्थापनगर्ने पर्दछन् ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको ।

**(४) संगठित संस्थालेओगटेको बजार क्षेत्र :**

कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत् वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीले ओगटेको बजार क्षेत्र नेपाल राज्यभर रहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

**(७) उत्पादन/ सञ्चालनक्षमता र सोको उपभोग स्थिति :**

चर्नावती खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ३.५२ मेघावाट रहेको र उक्त निर्माण कार्य सम्पन्न भई मिति २०७०/०२/२४ गतेदेखि विद्युतको ब्यापारिक उत्पादन प्रारम्भ गरिएको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

दोलखा जिल्लाको हाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) स्थित चर्नावती खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक ब्यवस्था गरिएको छ ।

**(१०) अनुसन्धान तथा विकास :**

नयाँ जलविद्युतआयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकासका लागि आवश्यक कार्यहरु भइरहेकोछ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा,व्यवधान :**

सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरुबीच संगठित संस्थाको स्थिति :**

चर्नावती खोला जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ३.५२ मेघावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाईमात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युतउत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थकोखोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपालीलगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच खरीद बिक्री सम्झौता भएकोले प्रमुख गाहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

सो नभएको ।

**ख) सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था निम्न बमोजिम रहेको छ :

| सि.न. | विवरण | २०७४ आषाढ मसान्तसम्मको अपरिष्कृत मूल्य | उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान |
|---|---|---|---|
| १. | जग्गा | रु. ९,०७३,७६९.७६ | भिमेश्वर न.पा. वडा नं ५,६ र ७ (साविकको भिमेश्वर न.पा. वडा नं ८, ९, १०, र ११ ) |
| २. | सिभिल वर्क्स | २२५,३२५,८०२.७० | भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा. वडा नं ८, ९, र ११ ) |
| ३. | फर्निचर एण्ड फिक्चर्स | २२,३०३.४३ | भिमेश्वर न.पा. वडा नं ५ (साविकको भिमेश्वर न.पा. वडा नं ८) र काठमाडौं वडा नं ३३ |
| ४. | अफिस इक्युपमेन्ट | ८६५,३८०.०५ | काठमाडौं वडा नं ३३ |
| ५. | सवारी साधन | १,२४४,२२३.६० | भिमेश्वर न.पा. वडा नं ५ (साविकको भिमेश्वर न.पा. वडा नं ८) र काठमाडौं वडा नं ३३ |
| ६. | हाइड्रो र इलेक्ट्रोमेकानिकल इक्युपमेन्ट | ३०९,४३१,१०१.१७ | भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा. वडा नं ८, ९, र ११ ) |
| ७. | ट्रान्समिशन लाइन | १९,१६५,४७०.७० | भिमेश्वर न.पा. वडा नं ६ (साविकको भिमेश्वर न.पा. वडा नं १०) |
| ८. | ट्रली | ८८,०४३.५६ | भिमेश्वर न.पा. वडा नं ५ (साविकको भिमेश्वर न.पा. वडा नं ८) |
| ९. | प्लान्ट एण्ड मेशिनरी | ४,६०१,८१३.९० | भिमेश्वर न.पा. वडा नं ५ (साविकको भिमेश्वर न.पा. वडा नं ८) |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि ( मिति समेत उल्लेख गर्नुपर्ने):**

उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै हो।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:**

कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयेजना संचालन तथा निर्माणको लागि लिएको सहवित्तीयकरण कर्जाको लागि लिड बैंक बैंक अफ काठमाडौं लुम्बिनी लिमिटेड र सहभागी बैंकहरुमा सिद्धार्थ बैंक लिमिटेड, सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेड र ग्लोबल आईएमई बैंक लिमिटेडको नाममा धितो रहेको छ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण:**

परलमोलमा नियमअनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण:**

कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन।

**ग)भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति:**

कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन्।

- ➢ कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने।
- ➢ नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने।
- ➢ कम्पनीले सरकारी निकायहरुसगँ भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई विक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केहि हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेको छ।
- ➢ कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशमा माग भए बमोजिम विद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत खरीद उत्पादन हुनु अगावै विद्युत बिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुदाँ यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युत माग र पूर्ति बीच ठुलो अन्तर रहेको छ। जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा

प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीलेआफ्नो व्यवसायको निरन्तरताकालागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन।

**घ)सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

**संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समितिदेहायबमोजिम हुनेछ।

| | |
|---|---|
| संस्थापक समूहकाशेयरधनीहरुबाट निर्वाचित | ४ (चार) जना* |
| सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्रसञ्चालक | १ (एक) जना |

*हाल यस कम्पनीमा एक जना सञ्चालकको पद रिक्त रहेको छ।

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीकोसंथापक सञ्चालकको पदमा नियुक्त हनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा१०० (एकसय) कित्ता शेयर लिएको हुनुपर्नेछ तर स्वतन्त्रसञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

**४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी** :कम्पनीको अधिकृत पूँजी रु. ६०,००,००,०००।- (अक्षरेपीसाठ्ठीकरोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००।– का दरले ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी** : कम्पनीकोतत्काल जारी गर्ने शेयर पूँजी रु.२६,००,००,०००।- (अक्षेरपी छब्बिसकरोड मात्र)रहेको छ। उक्त पूँजीलाई रु.१००।– का दरले २६,००,००० (छब्बिस लाख) थान शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी:** हाल कम्पनीले चुक्ता पूँजी रु. २२,१०,००,०००/- (अक्षरेपी बाईस करोड दश लाख मात्र) रहेको छ। सर्वसाधारणको लागि यस विवरणपत्र मार्फत रु. ३,९०,००,०००/–(अक्षरेपी तीन करोड नब्बे लाख रुपैया मात्र ) बराबरको शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु. २६,००,००,०००/–(अक्षरेपी छब्बिस करोड रुपैया मात्र) हुनेछ।
- **अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

यस कम्पनीको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|
| १ | २०६३/०६४ | रु.६०,००,००,०००/– | रु.३१,००,००,०००/– | रु.२,५००,०००/– |
| २ | २०६६/०६७ | रु.६०,००,००,०००/– | रु.३१,००,००,०००/– | रु.३,७८६,३००/– |
| ३ | २०७१/०७२ | रु.६०,००,००,०००/– | रु.३१,००,००,०००/– | रु.१७०,५००,०००/– |
| ४ | २०७२/०७३ | रु.६०,००,००,०००/– | रु.२६,००,००,०००/– | रु.१९५,०००,०००/– |
| ५ | २०७३/०७४ | रु.६०,००,००,०००/– | रु.२६,००,००,०००/– | रु.२२१,०००,०००/– |

नोट : साविकमा प्राईभेट कम्पनीको रुपमा रहेको यस कम्पनीको पब्लिक कम्पनीको रुपमा परिवर्तन गर्दाका वखत आयोजनाको कुल लागतका आधारमा जारी पूँजीको आवश्यकता बमोजिम नै जारी पूँजीलाई प्रचलित कानून बमोजिम घटाई सोही बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गरिएको।

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुनेकम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १९,५०,००० | ७५% | १९,५०,००,०००/- | शतप्रतिशत |
| ख | आयोजना(उद्योग) प्रभावित क्षेत्रका बासिन्दा शेयरधनीहरु | २६०,००० | १०% | २६०,००,०००/- | " |
| ग | सर्वसाधारण शेयरधनीहरु(कर्मचारी सहित) | ३,९०,००० | १५% | ३,९०,००,०००/- | " |
| **जम्मा** | | **२६,००,०००** | **१००%** | **२६,००,००,०००/-** | **शतप्रतिशत** |

**नोट : सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम रु.३,९०,००,०००/- चुक्ता हुन बाँकी रहेको छ।**

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएकोहुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको।

**५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**क) संस्थापक/सञ्चालकको पृष्ठभूमि:**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

- **आधारभूत शेयरधनीको विवरण:**

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र लाल प्रधान | कार्यकारी अध्यक्ष | ५५ | नेपाली | डिल्लीबजार-३३, काठमाडौं | ४३८,७५० | स्नातक (बि. ई.) | ➢ सन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकारी अध्यक्ष भई कार्य गरिरहेको।<br>➢ बुटवल पावर कम्पनीमा Executive Committee को अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव।<br>➢ झिमरुक हाइड्रो पावर प्लान्टमाअध्यक्षको रुपमा कार्यानुभव।<br>➢ नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव।<br>➢ खुदीहाइड्रो लिमिटेडमा अध्यक्षको रुपमा कार्यानुभव।<br>➢ सामाजिक संघसंस्था तथा समाज सेवाको कार्यमा संलग्न।<br>➢ FNCCI, कोषाध्यक्ष। |
| २ | श्री पशुपती मुरारका | सञ्चालक | ५१ | नेपाली | प्रशुती मार्ग, थापाथली, काठमाडौं | २,४३,७५० | स्नातक (बि.कम) | ➢ निवर्तमान अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ।<br>➢ मुरारका समुहको ब्यानर अन्तर्गत विभिन्न उद्योगमा संलग्न।<br>➢ प्रबन्ध निर्देशक, मुरारका ग्रुप।<br>➢ सञ्चालक, एनएमबि क्यापिटल लिमिटेड।<br>➢ कुमारी बैंक लिमिटेडमा सञ्चालक भई कार्य गरेको अनुभव।<br>➢ विभिन्न कर्पोरेट सामाजिक जिम्मेवारीहरुमा संलग्न।<br>➢ सदस्य, लायन्स क्लब काठमाडौं।<br>➢ अध्यक्ष - मोदी इनर्जी प्रा. लि.। |
| ३ | श्री देव किशन मुन्दडा | सञ्चालक | ६५ | नेपाली | विराटनगर- ९, मोरङ्ग, | २,४३,७५० | स्नातक (बि.कम) | ➢ अध्यक्ष, देवेनरा ग्रुप।<br>➢ विभिन्न संयुक्त उद्यममा संलग्न।<br>➢ विभिन्न सामाजिक संघसंस्थाहरुमा सञ्चालकको रुपमा कार्यरत रही सामाजिक कार्यमा संलग्न। |
| ४ | श्री आनन्द प्रसाद पोखरेल | संस्थापक | | नेपाली | लोकन्थली-१६, भक्तपुर | १,३५,००० | स्नाकोत्तर (ग्रामिण विकास र समाजशास्त्र) | ➢ संसदको सदस्य नेपाल सरकार (ई.स. १९९६–२००६)<br>➢ सदस्य प्राकृतिक श्रोत र साधन (ई.स.१९९६–२००६)।<br>➢ सचिव- केन्द्रिय प्राकृतिक श्रोत व्यवस्थापन विभाग ( ई.स. २००९ देखि अहिलेसम्म)।<br>➢ सञ्चालक - कृषि विकास बैंक (ई.स. २००२)<br>➢ सञ्चालक - नेपाल विद्युत प्राधिकरण(२००७)।<br>➢ संस्थापक संयोजक-एलाएन्स फर नेचरल रिर्सोस म्यानेजमेन्ट इन नेपाल (२००३ देखि अहिलेसम्म)।<br>➢ अध्यक्ष-प्राकृतिक श्रोत व्यवस्थापन समाज, नेपाल। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री राजेन्द्र प्रसाद मुन्दडा | संस्थापक | ५४ | नेपाली | विराटनगर ९, मोरङ्ग | १,९५,००० | एस.एल.सी | ➢ सञ्चालक-देवेनरा ग्रुप- बाबा जुट मिल्स, हिमगिरी सोप एण्ड केमिकल इन्डष्ट्रिच प्रा.लि., इष्टर्न कलेज अफ इन्जिनियरीङ्ग प्रा.लि।<br>➢ विभिन्न सामाजिक सेवामा संलग्न। |
| ६ | श्री विकास दुगड | संस्थापक | ४२ | नेपाली | विराटनगर-८, मोरङ्ग, | १,९५,००० | वि.ई (इडष्ट्रियल, इन्जिनियरीङ्ग र व्यवस्थापन) | ➢ पूर्व अध्यक्ष्य - नेपाल वनस्पती घिउ, तेल निर्माता संघ ।<br>➢ पूर्व अध्यक्ष्य - ई.ओ, नेपाल<br>➢ बोर्ड अफ गभर्नर- ब्रिटिश स्कुल, ललितपुर।<br>➢ राष्ट्रिय परिषदको सदस्य-नेपाल उद्योग संगठन।<br>➢ कार्यकरी संगठन- तेरापन्थ युवा परिषद, काठमाडौं।<br>➢ सदस्य-मारवाडी सेवा समिति।<br>➢ सदस्य-वाइपिओ नेपाल। |
| ७ | शिरिष कुमार मुरारका | संस्थापक | ३३ | नेपाली | थापाथली प्रशुती मार्ग, काठमाडौं | १,९५,००० | एमबिए | ➢ मुरारका समुहको ब्यानर अन्तर्गत विभिन्न उद्योग स्थापनामा संलग्न।<br>➢ हाल फोन केयर नेपाल प्रा.लि. र श्री राम ट्रेड लिङ्को सञ्चालक।<br>➢ कार्यकरी सदस्य - आईसिटी, नेपाल। |
| ८ | श्री कुमुद कुमार दुगड | संस्थापक | ४९ | नेपाली | जिल्ला मोरङ्ग, विराटनगर- ८ | २,४३,७५० | स्नाकोत्तर | ➢ सञ्चालक- मोदी इनर्जी प्रा. लि.।<br>➢ सञ्चालक- नेपाल उद्योग वाणिज्य महासंघ।<br>➢ कुमारी बैंक लिमिटेड, प्राइम बैंक लिमिटेडमा सञ्चालक भई कार्य गरेको अनुभव।<br>➢ पूर्व अध्यक्ष- नेपाल फ्लोवर मिल्स संघ, नेपाली चामल, तेल, दाल उद्योग संघ।<br>➢ सदस्य - इन्टरनेशनल च्याम्बर अफ कमर्स, नेपाल राष्ट्रिय समाज, काठमाडौं, युवा संचालक संघ, नेपाल। |
| ९ | गौरी शंकर रिन्यूयबल इनर्जी डेभलपमेन्ट नेपाल प्रा. लिमिटेड | संस्थापक | लागु नहुने | लागु नहुने | भिमेश्वर न.पा वडा नं १०, दोलखा | ६०,००० | लागु नहुने | लागु नहुने |

सञ्चालकहरुको विवरण :

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र लाल प्रधान | कार्यकरी अध्यक्ष | ५५ | नेपाली | डिल्लीबजार-३३, काठमाडौं | ४,३८,७५० | स्नातक (बि. ई.) | ➢ सन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकरी अध्यक्ष भई कार्य गरिरहेको।<br>➢ बुटवल पावर कम्पनीमा Executive Committee को अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव।<br>➢ झिमरुक हाइड्रो पावर प्लान्टमा अध्यक्षको रुपमा कार्यानुभव।<br>➢ नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव।<br>➢ खुदी हाइड्रो लिमिटेडमा अध्यक्षको रुपमा कार्यानुभव।<br>➢ सामाजिक संघसंस्था तथा समाज सेवाको कार्यमा संलग्न।<br>➢ FNCCI, इनर्जी कमीटी, कोषाध्यक्ष। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | श्री पशुपती मुरारका | सञ्चालक | ५१ | नेपाली | प्रशुती मार्ग, थापाथली, काठमाडौं | २,४३,७५० | स्नातक (बि.कम) | ➢ निवर्तमान अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ।<br>➢ मुरारका समुहको ब्यानर अन्तर्गत विभिन्न उद्योगमा संलग्न।<br>➢ प्रबन्ध निर्देशक, मुरारका ग्रुप।<br>➢ सञ्चालक, एनएमबि क्यापिटल लिमिटेड।<br>➢ कुमारी बैंक लिमिटेडमा सञ्चालक भई कार्य गरेको अनुभव।<br>➢ विभिन्न कर्पोरेट सामाजिक जिम्मेवारीहरुमा संलग्न।<br>➢ सदस्य, लायन्स क्लब काठमाडौं।<br>➢ अध्यक्ष - मोदी इनर्जी प्रा. लि.। |
| ३ | श्री देव किशन मुन्दडा | सञ्चालक | ६५ | नेपाली | विराटनगर-९, मोरङ्ग, | २,४३,७५० | स्नातक (बि.कम) | ➢ अध्यक्ष, देवेनरा ग्रुप।<br>➢ विभिन्नसंयुक्त उद्यममा संलग्न।<br>➢ विभिन्न सामाजिक संघसंस्थाहरुमा सञ्चालकको रुपमा कार्यरत रही सामाजिक कार्यमा संलग्न। |

यस कम्पनीकाकार्यकारी अध्यक्षको रुपमा श्री ज्ञानेन्द्र लाल प्रधानकार्यरत रहनु भएको छ।डिल्लीबजार-३३, काठमाडौं स्थायी बसोबास रहनु भएका श्रीज्ञानेन्द्र लालप्रधानलेमौलाना आजाद कलेज अफ टेक्नोलोजी, भोपाल विश्वविद्यालय, भारतबाटस्नातक (बि. ई.)सम्मको शैक्षिक योग्यता हासिलगर्नुभएको छ। उहाँलेसन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकारी अध्यक्ष, नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्ष, खुदी हाइड्रो लि. मा अध्यक्षको रुपमा कार्यानुभवहासिल गर्नुभएको छ।

**(ख)संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | शेयरधनीको नाम | पद |
|---|---|---|
| | गौरी शंकर रिन्यूयबल इनर्जी डेभलपमेन्ट नेपाल प्रा. लि., भिमेश्वर न.पा वडा नं १०, दोलखा | |
| १. | हरि प्र. शर्मा, च्यामा -८, दोलखा | अध्यक्ष |
| २. | राम कृष्ण के.सी., चरिकोट -८, दोलखा | संचालक |
| ३. | पार्वत गुरुङ्ग, सुरी -२, दोलखा | संचालक |
| ४. | शंकर लाल श्रेष्ठ, माटी-७, दोलखा | संचालक |
| ५. | गोपाल ध्वज श्रेष्ठ, सुनखानी-६, दोलखा | संचालक |
| ६. | भरत प्र. दुलाल, काटाकुटी-६, दोलखा | संचालक |
| ७. | जीवन राज खड्का, जफे-८ , दोलखा | संचालक |
| ८. | कालीका पाठक, सुनखानी-३, दोलखा | संचालक |
| ९. | शान्त ब. के.सी., च्यामा-४, दोलखा | संचालक |
| १०. | ईश्वर प्रसाद न्यौपाने, माघापौवा-५, दोलखा | संचालक |

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी,संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

कम्पनीका सञ्चालकहरु आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| सि.नं. | संचालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम,ठेगाना |
|---|---|---|
| १ | श्री ज्ञानेन्द्र लाल प्रधान<br>जिल्ला काठमाडौं, डिल्लिबजार.-३३ | - कार्यकारी अध्यक्ष, हाइड्रो शोलुशन प्रा.लि |
| २ | श्री देव किशन मुन्दरा<br>जिल्ला मोरङ्ग, विराटनगर उप म. न. पा. -६, | - अध्यक्ष, देवेनरा ग्रुप |
| ३ | श्रीपशुपतीमुरारका<br>जिल्ला काठमाडौं, थापाथली प्रशुती मार्ग | - प्रबन्ध निर्देशक, मुरारका ग्रुप |

यस कम्पनीको संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक भए नभएको यकिन गरीएको र कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको जानकारी गराउँदछौं।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) यो पब्लिक कम्पनी भएकोले यस कम्पनीको शेयर खुला रुपमा विक्री वितरण गर्न सकिने छ।

ख) कम्पनीको शेयर कानुनको रित पुऱ्याई चल सम्पत्ति सरह हक छाडि दिन वा बन्धक राख्न सकिनेछ। तर कम्पनीले लिएको वा लिन कबुल गरेको शेयर कम्पनीको प्रथम साधारणसभा नभएसम्म र त्यस्तो शेयरको मागको रकम पुरा चुक्ता नभएसम्म र सञ्चालक समितिको स्वीकृतीमा नलिएसम्म बिक्री गर्न वा धितोबन्धक राख्न सकिने छैन।

ग) संस्थापक शेयरधनीहरुले आफुले लिएको शेयर बेचबिखन गर्नु परेमा उक्त शेयर खरीद गर्न सर्वप्रथम संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्नेछ। उपरोक्त बमोजिम प्राथमिकता दिंदा एक भन्दा बढी व्यक्तिहरु त्यस्तो शेयर खरीद गर्न इच्छुक सबैले सकेसम्म बराबर खरीद गर्न सक्ने गरी बेच्नुपर्नेछ। सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई बिक्री गर्न सकिनेछ।

घ) सर्वसाधारणले शेयर खरीद गर्दा न्यूनतम ५० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी अधिकतम १,००० कित्तासम्म शेयर खरीद गर्न आवेदन गर्न सकिनेछ।

ङ) शेयरधनीले हकप्रद शेयरमा आफ्नो हक छाडी अरु कसैले सो हक हस्तान्तरण गर्न पाउने छन्, हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकि रहन गएमा त्यसरी बाँकि रहेको शेयरहरु सञ्चालक समितिले पारदर्शी तरिकाले बिक्री गर्नुपर्नेछ। यसरी बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नुपर्नेछ।

च) शेयर खरीद वा हस्तान्तरण सम्बन्धी अन्य व्यवस्थाहरुधितोपत्र सम्बन्धी ऐन नियम, निर्देशिका, कम्पनी कानुन बमोजिम हुनेछन्।

"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम(१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन।

**ख) संस्थापक/सञ्चालकसँगको कारोवार:**

**(क)संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थालेकुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण:**

सो नभएको।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका:**

सो नभएको।

**६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीका कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ। तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको कम्पनीको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

**७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण। साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र लाल प्रधान | कार्यकारी अध्यक्ष | स्नातक (बि. ई.) | स्थापनाकाल देखि | ➢ सन् २००७ सालदेखि हालसम्म हाइड्रो शोलुशन प्रा.लि. मा कार्यकारी अध्यक्ष भई कार्य गरिरहेको।<br>➢ बुटवल पावर कम्पनीमाExecutive Committee अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव।<br>➢ झिमरुक हाइड्रो पावर प्लान्टमा अध्यक्षको रुपमा कार्यानुभव।<br>➢ नेपाल हाइड्रो इलेक्ट्रीक लिमिटेडमा अध्यक्षको रुपमा करिब ८ वर्षको कार्यानुभव।<br>➢ खुदी हाइड्रो लिमिटेडमा अध्यक्षको रुपमा कार्यानुभव।<br>➢ सामाजिक संघसंस्था तथा समाज सेवाको कार्यमा संलग्न।<br>➢ FNCCI,इनर्जी कमीटी, कोषाध्यक्ष। | ४,३८,७५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | श्री प्रदीप कुमार दास | वित्तीय व्यवस्थापक | एमबिए (फाइनान्स) | २०७३/०८/१६ | ➢ यूनाईटेट डिस्ट्रीव्युटर्स (नेपाल) प्रा.लि.मा वरिष्ठ लेखा प्रबन्धकको रुपमा कार्य गरेको अनुभव(October 2012-November 2016) ।<br>➢ लाईफ केयर डिस्ट्रीव्युटर्स प्रा.लि.मा लेखा प्रबन्धकको रुपमा कार्य गरेको अनुभव(August 2011-Septermber 2012)।<br>➢ वेस्टार प्रोपर्टिज प्रा.लि.मा लेखा प्रबन्धकको रुपमा कार्य गरेको अनुभव (April 2009-August 2011)।<br>➢ जगदम्बा रोटो प्याकेजिङ्ग प्रा. लि.मा लेखा अधिकृतको रुपमा कार्य गरेको अनुभव (November 2006-April 2009)।<br>➢ दिनेश इन्टरकन्टिनेन्टलमा लेखा अधिकृतको रुपमा कार्य गरेको अनुभव (July 2005-October 2006)।<br>➢ रावल कन्सल्टेन्सी सेवा प्रा.लि.मा वरिष्ठ लेखा परिक्षकको रुपमा कार्य गरेको अनुभव (January 2003-July 2005)। | - |
| ३ | श्री सुजन पौडेल | साइट इन्चार्ज | स्नातक (बि. ई.) | २०६८/११ | ➢ स्टेशन प्रबन्धक-नेपाल हाइड्रो डेभलोपर लि. ।<br>➢ संकाय सदस्य-नेपाल पोलिटेक्निक इन्स्टिट्युट । | |
| ४ | श्री पुरुषोत्तम ठकुरी | पि.आर.ओ | स्नातक (बि. ए.) | २०६८/१०/१५ | ➢ खुडी हाइड्रो पावर लि.- प्रशासनिक/लेखा सहायक अधिकृत<br>➢ संशधिय आदान प्रतिस्थान- कार्यालय सहायक । | |
| ५ | श्री नविन कुमार घिसिङ्ग | प्लान्ट सुपरभाइजर | +२ (इन्टरमेडियट) | २०६७/०९/१८ | ➢ सेती दोस्रो हाइड्रो पावर प्रा.लि.- सहायक निरिक्षक । | |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण:**

सो नभएको।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण:**

सो नभएको।

**(ग)कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :**

यस आयोजनाको आयोजनास्थल, अन्य भौतिक पूर्वाधारस्थल र कम्पनीको रजिर्ष्टर्ड कार्यालयमा गरी देहाय बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | तालिमे/ परीक्षण काल/अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ५५ | - | २१ | ३४ | - | - |

**नोट :** *कर्मचारीहरुका लागि सुरक्षित गरिएको शेयर करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई बाँडफाँड नगर्ने व्यवस्था गरिएको छ।

**ख)सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा:**

१. सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु.५,०००/- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.४,०००/ - हुनेछ।

२. कम्पनीको कामको सिलसिलामा अध्यक्ष लगायत संचालकहरुलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

- स्वदेशमा भ्रमण गर्नुपर्दा होटल खर्च, खाना खर्च तथा खाजा खर्चको वास्तविक बिल अनुसार प्रति व्यक्ति दैनिक अधिकतम रु. ८,०००/- सम्म। यदि बिल उपलब्ध नहुने अवस्था भएमा दैनिक बढीमा रु.५०००/- सम्म।
- भारतमा दैनिक भत्ता : भा रु. १०,०००/-
- भारत वाहेकका अन्य सार्क मुलुकमा दैनिक भत्ता : अमेरिकी डलर १५०/-

- अन्य मुलुकमा दैनिक भत्ता : अमेरिकी डलर २००/-
- भ्रमण खर्च वास्तविक बिल अनुसार। कम्पनीको वा व्यक्तिगत सवारी साधन प्रयोग गरेको अवस्थामा चलनचल्ती गाडी भाडा र इन्धन खर्च भएको वास्तविक बिल पेश गर्नुपर्नेछ।

३. सञ्चारतथा पत्रपत्रिका खर्च वापत अध्यक्षको मासिक रु ३,०००/- र अन्य सञ्चालकको मासिक र २,५००/-हुनेछ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम , पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम:**

**एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम:**

| क्र.सं. | कर्मचारीको नाम | पद | पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम: (आ.व.२०७३/०७४ आषाढ मसान्तसम्म) |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र लाल प्रधान | कार्यकारी अध्यक्ष | कुनै सुविधा नलिएको। |
| २ | श्री प्रदीप कुमार दास | वित्तीय व्यवस्थापक | रु. ४५०,०००.०० |
| ३ | श्री सुजन पैडेल | साइट इन्चार्ज | रु. ४०५,६००.०० |
| ४ | श्री पुरुषोत्तम ठकुरी | पि.आर.ओ | रु. ४०८,५४३.०० |
| ५ | श्री नविन कुमार घिसिङ्ग | प्लान्ट सुपरभाइजर | रु. ४१४,५४३.०० |

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:**
सो नभएको।

८. **अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**
**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गीकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- संचालनमा रहेको जलविद्युत केन्द्रमा नभएकोले वित्तीय जोखिम नरहेको।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम नरहेको।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
हालको अवस्थामाबजारकोजोखिम नरहेको।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**
सो नभएको।

**(ङ) विदेशी विनिमयको जोखिम :**
विदेशी विनियमको दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**
हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
- कर, भन्सार आदि सम्बन्धी ब्यबस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु।

**(झ) सञ्चालन इतिहासको अभाव :**
यस कम्पनीले आफ्नो कारोवार २०६३/०५/२९ गते देखि सञ्चालन गरेको हुँदाकम्पनीको कारोवार सञ्चालनको इतिहास करिव १० बर्ष रहेको छ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

जलविद्युतआयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोत पर सर्ने।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना:**

जलश्रोतको हिसावले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वविदितै हुँदा हुँदै पनि नेपालमा उर्जा शक्तिको अत्यधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुननसेकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवथापनको धारणा रहेको छ। उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएतापनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। साथै यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड, काठमाडौंसंग रु. १४,२४,७७,०००/- रकम बराबरको मेशिनरी ब्रेक डाउन बीमा गरिएको छ। यसका साथसाथै कम्पनीले आफ्ना सबै सम्पत्तिहरुको आगलागि तथा अन्य बाट हुनसक्ने जोखिमलाई न्युनिकरण गर्न रु. ६२,८०,१५,०००/- रकम बराबरको अग्नि बीमा गरिएको छ र Loss of Profit बाट हुनसक्ने जोखिमलाई न्युनिकरण गर्न रु. ११,००,००,०००/- रकम बराबरको बीमा गरिएको छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

## ९. वित्तीय विवरण:

### क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण:

**(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण:**

कम्पनीको आ.व. २०७२/०७३ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (आषाढ ३१, २०७३)**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) |
|---|---|
| **शेयर पूँजी तथा दायित्व** | |
| **शेयरधनी पूँजी कोष** | |
| शेयर पूँजी | १९५,००० |
| नाफा नोक्सान | - |
| **गैर चालु दायित्व** | - |
| मध्यम तथा दिर्घकालीन ऋणहरु | ३८८,२५० |
| स्थगन कर दायित्व | - |
| **जम्मा** | **५८३,२५०** |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| स्थिर सम्पत्ति | |
| खुद सम्पत्ति | ६९६,१२२ |
| घटाउने :संचित ह्रास कट्टि | ९८,११७ |
| **कुल सम्पत्ति** | **५९८,००५** |
| **लगानी** | - |
| Capital Work In Progress | १,११२ |
| **चालु सम्पत्ति** | |

| | |
|---|---|
| आसामी | ३६,४०८ |
| निक्षेप / सापटीहरु | ३१,०५६ |
| नगद मौज्दात | ९३६ |
| **जम्मा** | **६८,४००** |
| **घटाउने : चालु दायित्व** | |
| भुक्तानी दिनु पर्ने बिलहरु | २४,६३३ |
| छोटो अवधि सापटी | ८०,३३७ |
| बोनश व्यवस्था | ३१९ |
| | **१०५,२८९** |
| **खुद चालु सम्पत्ति** | (३६,८८९) |
| संचित (नाफा) नोक्सान | २१,०२३ |
| **जम्मा** | **५८२,१३८** |

**नाफा-नोक्सान हिसाब (श्रावण १,२०७२ देखि आषाढ ३१, २०७३)**

| **विवरण** | (रु. हजारमा) |
|---|---|
| बिद्युतबाट बिक्री आम्दानी | १०३,९५९ |
| **घटाउने** | - |
| विक्रीको लागत | १३,१०५ |
| **खुद नाफा** | **९०,८५४** |
| **जोडः** | |
| अन्य आम्दानी | ४५७ |
| **घटाउने** | |
| विक्रि तथा प्रशासनिक खर्च | ५,५२१ |
| **सचांलन मुनाफा/(नोक्सान)** | **८५,७९१** |
| **घटाउने** | |
| ब्याज खर्च | ४१,०१४ |
| ह्रास खर्च | २८,५०२ |
| **कर र बोनश अघिको नाफा/(नोक्सानी)** | **१६,२७४** |
| घटाउनेः आयकर खर्च | - |
| चालु आयकर | |
| डेफर्ड आयकर खर्च /(आम्दानी) | - |
| **यस बर्षको नाफा/(नोक्सानी)** | **१६,२७४** |
| कर्मचारी बोनसको व्यवस्था | ३१९ |
| विद्युत रोयल्टी व्यवस्था | २,१४८ |
| **कुल नाफा/(नोक्सानी)** | **१३,८०७** |
| **असामान्य कारोवारः** | |
| अधिक ह्रास कट्टी फिर्ता | - |
| **यस वर्षको नाफा/(नोक्सानी)** | **१३,८०७** |
| **गत वर्षको नोक्सान** | |
| **वासलतमा सारिएको** | **१३,८०७** |

**नगद प्रवाहको विवरण (श्रावण १,२०७२ देखि आषाढ ३१, २०७३)**

| **विवरण** | **रु हजारमा** |
|---|---|
| **क. कारोवार सञ्चालनमा नगद प्रवाह** | |
| कर पछिको कुल नाफा / (घाटा) | १३,८०७ |
| जोड्ने | |
| ब्याज | ४१,०१४ |
| सम्पत्ति बेच्दाको घाटा | |
| Prior Period Expenses | ४८ |
| ह्रास खर्च | २८,५०२ |
| सम्पत्ति बेच्दाको घाटा | |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | **८३,३७२** |
| चालु सम्पत्तिमा कमी/(वृद्धि) | (१६,४८१) |

| | |
|---|---|
| चालु दायित्वमा (कमी)/बृद्धि | १०,४०६ |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **७७,२९६** |
| **ख.लगानी कारोवारमा नगद प्रवाह** | - |
| स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | (५०) |
| तल्ला चर्नावती हाइड्रोपावर आयोजनामा लगानी | (१,११२) |
| स्थिर सम्पत्ति विक्रीबाट प्राप्त | - |
| Work In Progressमा कमी/(बृद्धि) | - |
| **लगानी कारोवारबाट खुद नगद प्रवाह** | **(१,१६१)** |
| **ग.वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | - |
| ब्याज तिरेको | (४१,०१४) |
| शेयर पूँजीमा (कमी)/बृद्धि | - |
| दिर्घकालिन ऋणमा (कमी)/बृद्धि | (३५,७५०) |
| **खुद वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | **(७६,७६४)** |
| **घ.यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(६२९)** |
| **ङ नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१,५६५** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात (घ+ङ)** | **९३६** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण(सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**
कम्पनीले आफ्नो कारोवार २०६९ साल आश्विन १६ गतेदेखि प्रारम्भ गरेको हो । कम्पनीको तीन वर्ष देखिको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सानको वित्तीय विवरण देहाय बमोजिम रहेको छ।

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | २०७३/७४ |
|---|---|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | चैत्र मसान्त |
| **शेयर पूँजी तथा दायित्व** | | | | |
| **शेयरधनी पूँजी कोष** | | | | |
| शेयर पूँजी | १७०,५०० | १९५,००० | १९५,००० | २२१,००० |
| नाफा नोक्सान | - | - | - | (२,१०९) |
| **गैर चालु दायित्व** | - | - | - | - |
| मध्यम तथा दिर्घकालीन ऋणहरु | ४९९,३१६ | ४२४,००० | ३८८,२५० | ३९७,६८७ |
| स्थगन कर दायित्व | - | - | - | - |
| **जम्मा** | **६६९,८१६** | **६१९,०००** | **५८३,२५०** | **६१६,५७८** |
| **सम्पत्ति** | | | | |
| **गैर चालु सम्पत्ति** | | | | |
| **स्थिर सम्पत्ति** | | | | |
| खुद सम्पत्ति | ६८३,४५७ | ६९६,०७२ | ६९६,१२२ | - |
| घटाउने :संचित ह्रास कट्टि | ४०,८८२ | ६९,६१५ | ९८,११७ | - |
| **कुल सम्पत्ति** | **६४२,५७५** | **६२६,४५७** | **५९८,००५** | **५७९,५६३** |
| **लगानी** | - | - | - | - |
| Capital Work In Progress | | | १,११२ | |
| **चालु सम्पत्ति** | | | | |
| आसामी | १८,८७४ | १८,४९५ | ३६,४०८ | ७९,५५१ |
| निक्षेप/सापटीहरु | ३५,०१६ | ३२,४८८ | ३१,०५६ | - |
| नगद मौज्दात | १,०१० | १,५६५ | ९३६ | ८६१ |
| **जम्मा** | **५४,९०१** | **५२,५४७** | **६८,४००** | **८०,४१२** |
| **घटाउने : चालु दायित्व** | | | | |
| भुक्तानी दिनु पर्ने बिलहरु | ३२,०७२ | २४,२७१ | २४,६३३ | १३,३४८ |
| छोटो अवधि सापटी | २५,७५० | ७०,५५० | ८०,३३७ | ३०,०४९ |
| बोनश व्यवस्था | - | ६२ | ३१९ | - |
| | **५७,८२२** | **९४,८८३** | **१०५,२८९** | **४३,३९७** |
| **खुद चालु सम्पत्ति** | (२,९२०) | (४२,३३६) | (३६,८८९) | **३७,०१५** |
| संचित (नाफा) नोक्सान | ३०,१६२ | ३४,८७८ | २१,०२३ | - |
| **जम्मा** | **६६९,८१६** | **६१९,०००** | **५८२,१३८** | **६१६,५७८** |

**नाफा नोक्सान हिसाव**

| विवरण | वास्तविक (रु. हजारमा) | | | २०७३/७४ |
|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | चैत्र मसान्त |
| बिद्युतबाट बिक्री आम्दानी | ८६,४२९ | ९६,९७७ | १०३,९५९ | ८३,३४८ |
| **घटाउने** | | | | |
| विक्रीको लागत | १३,३५८ | १५,५२९ | १३,१०५ | १२,३४६ |
| **खुद नाफा** | **७३,०७०** | **८१,४४८** | **९०,८५४** | **७१,००२** |
| **जोडः** | | | | |
| अन्य आम्दानी | ९,७३८ | ५,५३८ | ४५७ | ३०३ |
| **घटाउने** | | | | |
| विक्रि तथा प्रशासनिक खर्च | ९,४८३ | १२,९०० | ५,५२१ | ३,१४८ |
| **सचांलन मुनाफा/(नोक्सान)** | **७३,३२६** | **७४,०८७** | **८५,७९१** | **६८,१५७** |
| **घटाउने** | | | | |
| ब्याज खर्च | ५३,२४३ | ४४,६७४ | ४१,०१४ | ३०,८०२ |
| ह्रास खर्च | २८,७१७ | २८,७३३ | २८,५०२ | १८,४४२ |
| **कर र बोनश अघिको नाफा/(नोक्सानी)** | **(८,६३४)** | **६८०** | **१६,२७४** | **१८,९१४** |
| घटाउनेः आयकर खर्च | – | – | – | – |
| चालु आयकर | – | – | – | – |
| डेफर्ड आयकर खर्च /(आम्दानी) | (२,८४३) | – | – | – |
| **यस बर्षको नाफा/(नोक्सानी)** | **(५,७९१)** | **६८०** | **१६,२७४** | **१८,९१४** |
| कर्मचारी बोनसको व्यवस्था | – | ६२ | ३१९ | – |
| बिद्युत रोयल्टी व्यवस्था | – | – | २,१४८ | – |
| **कुल नाफा/(नोक्सानी)** | **(५,७९१)** | **६१८** | **१३,८०७** | **१८,९१४** |
| **असामान्य कारोवारः** | | | | |
| अधिक ह्रास कट्टी फिर्ता | १५,१२० | – | – | – |
| **यस वर्षको नाफा/(नोक्सानी)** | **९,३२९** | **६१८** | **१३,८०७** | **१८,९१४** |
| **गत वर्षको नोक्सान** | | | | |
| **वासलतमा सारिएको** | **९,३२९** | **६१८** | **१३,८०७** | **१८,९१४** |

* आ.ब.२०७३/०७४ को चैत्र मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।

**ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

यस कम्पनीको आ.व. २०७३/०७४ को चैत्रमसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित गरेको वित्तिय विवरण माथि दफा ३.९.१ (ख) मा उल्लेख गरिएको।

**(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**

सो नभएको।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :**

सो नभएको।

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :**

सो नभएको।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :**

सो नभएको।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| **शेयर पूँजी तथा दायित्व** | | | |
| **शेयरधनी पूँजी कोष** | | | |
| शेयर पूँजी | २६०,००० | २६०,००० | २६०,००० |
| नाफा नोक्सान | ४४३ | ३३,९९० | ७३,२२४ |
| **गैर चालु दायित्व** | - | - | - |
| मध्यम तथा दिर्घकालीन ऋणहरु | ३५०,२५० | ३००,६५० | २७०,९०६ |
| स्थगन कर दायित्व | - | - | - |
| **जम्मा** | **६१०,६९३** | **५९४,६४०** | **६०४,१३०** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| खुद सम्पत्ति | ६९६,१२२ | ६९६,१२२ | ६९६,१२२ |
| घटाउने :संचित ह्रास कट्टि | १२६,३०३ | १५४,२२८ | १८१,९४२ |
| **कुल सम्पत्ति** | **५६९,८१९** | **५४१,८९४** | **५१४,१८०** |
| **लगानी** | **६,११२** | **१६,११२** | **२६,११२** |
| Capital Work In Progress | | | |
| **चालु सम्पत्ति** | | | |
| आसामी | ५३,५०९ | ७०,८६५ | ८६,८३० |
| निक्षेप/सापटीहरु | २९,८४६ | २९,८४६ | २९,८४६ |
| नगद मौज्दात | १३,५९२ | १५,१३१ | १८,३२७ |
| **जम्मा** | **९६,९४६** | **११५,८४१** | **१३५,००२** |
| **घटाउने : चालु दायित्व** | | | |
| भुक्तानी दिनु पर्ने बिलहरु | २०,९३४ | १७,९५१ | १५,४४७ |
| छोटो अवधि सापटी | ४०,७७१ | ६०,५३१ | ५४,८७६ |
| बोनश व्यवस्था | ४७९ | ७२५ | ८४० |
| | **६२,१८४** | **७९,२०७** | **७१,१६४** |
| **खुद चालु सम्पत्ति** | **३४,७६२** | **३६,६३४** | **६३,८३९** |
| संचित (नाफा) नोक्सान | - | - | - |
| **जम्मा** | **६१०,६९३** | **५९४,६४०** | **६०४,१३०** |

## नाफा नोक्सान हिसाव

| विवरण | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| विद्युतबाट बिक्री आम्दानी | १०७,७७४ | ११७,३०९ | १२१,२२२ |
| **घटाउने** | | | |
| विक्रीको लागत | १४,२११ | १५,४६३ | १६,८८५ |
| **खुद नाफा** | **९३,५६३** | **१०१,८४६** | **१०४,३३६** |
| **जोडः** | | | |
| अन्य आम्दानी | ५०३ | - | - |
| **घटाउने** | | | |
| विक्रि तथा प्रशासनिक खर्च | ६,४९६ | ५,०४८ | ५,१०५ |
| **सचांलन मुनाफा/(नोक्सान)** | **८७,५७१** | **९६,७९८** | **९९,२३२** |
| **घटाउने** | | | |
| ब्याज खर्च | ३४,९३३ | ३१,९०३ | २८,६६८ |
| ह्रास खर्च | २८,१८५ | २७,९२५ | २७,७१४ |
| **कर र बोनश अधिको नाफा/(नोक्सानी)** | **२४,४५३** | **३६,९७०** | **४२,८५०** |
| घटाउनेः आयकर खर्च | - | - | - |
| चालु आयकर | | | |
| डेफर्ड आयकर खर्च /(आम्दानी) | - | - | - |
| **यस बर्षको नाफा/(नोक्सानी)** | **२४,४५३** | **३६,९७०** | **४२,८५०** |
| कर्मचारी बोनसको व्यवस्था | ४७९ | ७२५ | ८४० |

| | | | |
|---|---|---|---|
| बिद्युत रोयल्टी व्यवस्था | २,५०७ | २,६९८ | २,७७६ |
| **कुल नाफा/(नोक्सानी)** | **२१,४६६** | **३३,५४७** | **३९,२३३** |
| **असामान्य कारोवार:** | | | |
| अधिक ह्रास कट्टी फिर्ता | - | - | - |
| **यस वर्षको नाफा/(नोक्सानी)** | **२१,४६६** | **३३,५४७** | **३९,२३३** |
| **गत वर्षको नोक्सान** | | | |
| **वासलतमा सारिएको** | **२१,४६६** | **३३,५४७** | **३९,२३३** |

**नगद प्रवाहको विवरण**

| विवरण | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| **क. कारोवार सञ्चालनमा नगद प्रवाह** | | | |
| कर पछिको मुनाफा/ (घाटा) | २१,४६६ | ३३,५४७ | ३९,२३३ |
| जोड्ने | | | |
| ब्याज | ३४,९३३ | ३१,९०३ | २८,६६८ |
| Prior Period | - | - | - |
| ह्रास खर्च | २८,१८५ | २७,९२५ | २७,७१४ |
| बोनश व्यवस्था | ४७९ | ७२५ | ८४० |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | **८५,०६३** | **९४,१००** | **९६,४५५** |
| आयकर तिरेको | - | - | - |
| चालु सम्पत्तिमा कमी/(बृद्धि) | (१५,८९१) | (१७,३५६) | (१५,९६५) |
| चालु दायित्वमा (कमी)/बृद्धि | (४३,२६५) | १६,७७७ | (८,१५८) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **२५,९०८** | **९३,५२१** | **७२,३३२** |
| **ख.लगानी कारोवारमा नगद प्रवाह** | | | **-** |
| स्थिर सम्पत्तिमा कमी/(बृद्धि) | - | - | - |
| स्थिर सम्पत्ति विक्रीबाट प्राप्त | - | - | - |
| तल्लो चर्नावतीमा लगानी | (५,०००) | (१०,०००) | (१०,०००) |
| **लगानी कारोवारबाट खुद नगद प्रवाह** | **(५,०००)** | **(१०,०००)** | **(१०,०००)** |
| **ग.वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | | | |
| ब्याज तिरेको | (३४,९३३) | (३१,९०३) | (२८,६६८) |
| कर्मचारी बोनश तिरेको | (३१९) | (४७९) | (७२५) |
| शेयर पूँजीमा (कमी)/बृद्धि | ६५,००० | - | - |
| दिर्घकालिन ऋणमा (कमी)/बृद्धि | (३८,०००) | (४९,६००) | (२९,७४३) |
| **खुद वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | **(८,२५२)** | **(८१,९८२)** | **(५९,१३६)** |
| **घ.यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१२,६५६** | **१,५३९** | **३,१९६** |
| **ङ नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **९३६** | **१३,५९२** | **१५,१३१** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात (घ+ङ)** | **१३,५९२** | **१५,१३१** | **१८,३२७** |

**बृद्धि/घटि सम्बन्धि विवरण**

| विवरण | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| विद्युतबाट बिक्री आम्दानी | ३% | ३% | ३% |
| प्रत्यक्ष खर्चहरु | ५% | ५% | ५% |
| विद्युत र पानी र मर्मत खर्च | २०% | २०% | २०% |
| व्यवस्थापकिय खर्च | ३% | ३% | ३% |
| कर्मचारी खर्च | १०% | १०% | १०% |
| ब्याज खर्च | -१२% | -९% | -११% |

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु ए. शर्मा एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेन्ट श्री अरुण शर्मालेप्रमाणित गरिएको छ।

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

१. हाल नेपाल हाइड्रो डेभलोपर कम्पनीको चुक्ता पूँजी रु २२,१०,००,०००/– रहेकोमा आर्थिक वर्ष ०७३/०७४ सम्ममा रु.३,९०,००,०००/– बराबरको सार्वजनिक शेयर निष्काशन गरी रु.२६,००,००,०००/– पुऱ्याइने छ । उक्त सार्वजनिक शेयर निष्काशन वापत जम्मा भएको रकम तल्लो चर्नावती हाइड्रो पावरको लागि उपयोग गर्ने प्रक्षेपण गरीएको छ ।

२. दिर्घकालिन कर्जालाई बैंकद्धारा प्राप्त ऋण भुक्तानी तालिका अनुसार गणना गरिएको छ । रु १ करोडको अनुमानित Overdraft Loan पूर्ण रुपमा उपयोग हुने र रु सत्ताइस लाखको Brigde Gap Loanभने कम्पनीको आवश्यकता अनुसार उपयोग गर्ने प्रक्षेपण गरीएको छ ।

३. चालु दायित्व विस्तारै घट्दै जान्छ भन्ने प्रक्षेपण गरीएको छ तर तल्लो चर्नावती परियोजना शुरु भईसकेको अवस्थामा भने दायित्व बढ्दै जाने प्रक्षेपण गरिएको छ ।

४. स्थिर सम्पत्ती आगामी तीन आर्थिक वर्षसम्ममा थप नगर्ने प्रक्षेपण गरीएको छ ।

५. स्थीर सम्पत्ति (Civil Works, Hydro and Electro Mechanical Equipment and Transmission Lineबाहेक) को ह्रास कट्टी Written Down Value Method (WDV) अनुसार व्यवस्थापनले तोकेको प्रभावकारी जीवनलाई आधार मानी तल देखाईएको तालिका अनुसार गणना गरिनेछ भने Civil Works, Hydro and Electro Mechanical Equipment and Transmission Lineभने Straight Line Method(SLM) अनुसार गणना गरिनेछ । स्थीर सम्पत्तिमा कुनै थप गरियो भने त्यसलाई आयकर ऐन, २०५८ अनुसार गणना गरिनेछ ।

| सम्पत्ति | तरिका | दर | अनुमानित जीवन |
|---|---|---|---|
| Civil Works | SLM | ४ % | २५ |
| भवन | SLM | ४ % | २५ |
| Hydro and Electromechanical | SLM | ४ % | २५ |
| Transmission Line | SLM | ४ % | २५ |
| Furniture and fixtures | WDV | २५ % | ७ |
| कार्यालय उपकरण | WDV | २५ % | ५ |
| सवारी साधन | WDV | २० % | १० |
| साइकल | WDV | २० % | ५ |
| प्लान्ट एण्ड मेशिनरी | WDV | १५ % | १५ |

व्यवस्थापनले हरेक आर्थिक वर्षको अन्त्यमास्थीर सम्पत्तिमको अनुमानित जीवन पुनरावलोकन गर्ने र आवश्यकता अनुसार समायोजन गर्ने प्रक्षेपण गरिएको छ ।

६. नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुने रकमलाई आसामी भनेर देखाउने प्रक्षेपण गरीएको छ । हरेकजेष्ठ र आषाढ महिनामा प्राप्त हुने रकमलाई र १० महिनाको विलिङ्ग रकमको १५ % आसामी भनेर देखाउन प्रक्षेपण गरीएको छ ।

७. तल्लो चर्नावती जलविद्युत परियोजनालाई उपलब्ध गराइएको रकमलाई अग्रिम भुक्तानी तथा मौज्दात अन्तर्गत राखिएको छ । सार्वजनिक शेयर निष्काशनबाट प्राप्त हुने रकमलाई समेत सोही परियोजनामा लगाइने हुँदा उक्त रकमलाई समेत सोही अर्न्तगत उपयोग गर्ने प्रक्षेपण गरीएको छ ।

८. नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद सम्झौताको आधारमा सुख्खा र वर्षा महिनाकोलागि संशोधित दर लिएर विद्युत विक्रीबाट भएको आम्दानी गणना गर्ने प्रक्षेपण गरीएको छ । साथै क्षमता उपयोग पनि ९२% देखि ९६.५% हुन्छ भन्ने प्रक्षेपण गरिएको छ ।

९. सञ्चालन खर्चहरु हरेक बर्ष ५% का दरले, प्रशासनिक खर्चहरु हरेक बर्ष ३% का दरले र कर्मचारी खर्च हरेक बर्ष १०% का दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।दिर्घकालिन कर्जा, Overdraft Loanर Brigde Gap Loanबापतको ब्याजलाई ब्याज खर्चमा समावेश गरिएको छ । दिर्घकालिन कर्जाको ब्याज ८.५% (बैंकबाट उपलब्ध तालिका अनुसार), Overdraft Loanमा ९% र बैंक सेवा शुल्क बापत ०.२५%का दरले भुक्तानी गर्ने प्रक्षेपण गरीएको छ ।

१०. रोयल्टी खर्च बापत रु.३५२,००० तथा विद्युत प्राधिकरणलाई विक्रिबाट प्राप्त रकमको २% रोयल्टी बापतको भुक्तानी गर्ने प्रक्षेपण गरीएको छ ।

११. विद्युत ऐन २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ ।

**ख) वित्तीय अनुपात सम्बन्धी विवरणः**

**क) संगठित संस्थाको सञ्चालनअवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी(EPS)प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ।**

कम्पनीको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

**नेटवोर्थ**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| चुक्ता पूँजी | १७०,५०० | १९५,००० | १९५,००० | २६०,००० | २६०,००० | २६०,००० |
| प्रस्तावित बोनश शेयर | - | - | - | - | - | - |
| जगेडा तथा कोषहरु | (३०,१६२) | (३४,८७८) | (२१,०२३) | ४४३ | ३३,९९० | ७३,२२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | १४०,३३८ | १६०,१२२ | १७३,९७७ | २६०,४४३ | २९३,९९० | ३३३,२२४ |
| अपलेखन हुन बाँकी खर्च | | | | | | |
| कुल नेटवोर्थ | १४०,३३८ | १६०,१२२ | १७३,९७७ | २६०,४४३ | २९३,९९० | ३३३,२२४ |
| शेयर संख्या ('००० मा) | १,७०५.०० | १,९५०.०० | १,९५०.०० | २,६००.०० | २,६००.०० | २,६००.०० |
| प्रति शेयर नेटवोर्थ (रु.) | ८२.३१ | ८२.११ | ८९.२२ | १००.१७ | ११३.०७ | १२८.१६ |
| कर अघिको नाफा/(नोक्सानी) | ९,३२९.०५ | ६१७.९७ | १३,८०६.८४ | २१,४६५.९० | ३३,५४७.३२ | ३९,२३३.२७ |
| प्रति शेयर आम्दानी (रु.) | ५.४७ | ०.३२ | ७.०८ | ८.३ | १२.९० | १५.१ |
| नेटवोर्थमा प्रतिफल (%) | ६.६५ | ०.३९ | ७.९४ | ८.२४ | ११.४१ | ११.७७ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु ए. शर्मा एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेन्ट श्री अरुण शर्मालेप्रमाणित गरिएको छ ।

#प्रति शेयर आम्दानी (रु.) गणना गर्दा Weighted Average Number of Equity Sharesअनुसार गणना गरिएको छ ।

निष्काशन पूर्वको प्रति शेयर आम्दानी **(EPS)**कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल **(Minimum return on increased networth required to maintain pre issue EPS)**:७.७०%

**(ख) विगत २ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ४.१६**

**१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**क)धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३मा व्यवस्था भए अनुसार यस विवरणपत्र मार्फत जारी पूँजिको १५ प्रतिशत अर्थात रु.३,९०,००,०००।- रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००।- को ३,९०,००० कित्ता साधारण शेयरमासर्वसाधारणको समेत सहभागिता गराई निजहरुलाई लगानीको अवसर दिनु तथा कम्पनीबाट निर्माणका लागि अगाडी सारिएको आयोजना विकासका लागि पूँजी संकलन गर्नु यस निष्काशनको मुख्य उद्देश्य हो । उक्त सार्वजनिक शेयर निष्काशन वापत जम्मा भएको रकम तल्लो चर्नावती हाइड्रो पावर आयोजनाको लागि उपयोग गरिनेछ ।

**ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाईकसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कम्पनीबाट तल्लो चर्नावती जलविद्युत आयोजनाको लागि प्रयोग गरिनेछ ।

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था:**

अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेकोछ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको लागि प्राप्ती गर्नको लागि वैकल्पिक व्यवस्था गरिनेछ । साथै निष्काशन गरिने साधारण शेयरहरुको १००% शेयरको लागि एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंले प्रत्याभूती समेत गरेको छ ।

**(ग) आयोजनाको सञ्चालनस्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:**

यस कम्पनीबाट दोलखाजिल्लाकोहाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) स्थित चर्नावती खोलामा जलविद्युत आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०७० जेठ २४ गतेबाट संचालनमा रहेकोछ ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति:**

आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७० जेठ २४ गते देखि पूर्ण व्यवसायिक उत्पादन शुरु भइसकेको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरु :**

विगतमा ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टको सप्लायर्स एसिया प्यासिफिक पावर टेक कम्पनी लिमिटेड, चिनबाट खरिद गरिएको ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टको मूल्य २५ लाख ४९ हजार ६ सय ३८ रुपैया रहेको छ । हाल उक्त कम्पनी तथा अन्य कुनै कम्पनीसंग कुनै प्रकारको सम्झौता नरहेको ।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण:**

सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण:**

आयोजनाको प्रकृती : जलविद्युत  आयोजना

प्रयोगकर्ता : आयोजनाबाट उत्पादित बिद्युत शक्ति नेपाल बिद्युत प्रधिकरणको राष्ट्रिय प्रशारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गर्ने ।

प्रतिस्पर्धा : हाल प्रतिस्पर्धा नरहेको ।

लक्षित समूह : नेपाल विद्युत प्राधिकरण ।

उत्पादन क्षमता : कम्पनीबाट दोलखा जिल्लाको हाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) मा निर्माण भई संचालनमा रहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ३.५२ मेघावाट रहेका छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत:**

दोलखा जिल्लाको हाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) भई बग्ने चर्नावती खोलाको पानी ।

**(झ)आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत:**

दोलखा जिल्लाकोहाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६)  भई बग्ने चर्नावती खोलाको पानी ।

**(ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण:**

**(अ) निष्काशन तथा बिक्री प्रवन्धक:**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा विक्री प्रवन्धकसम्बन्धी कार्यका लागि नियुक्त एनएमबि क्यापिटल लिमिटेड काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.३,९०,०००/-सेवा शुल्कको रुपमा दिइनेछ ।

**(आ) ट्रष्टि -डिवेन्चर/बण्ड निष्काशनको हकमा) :**

सो नभएको ।

**(इ) प्रत्याभूतिकर्ता :**

श्री एनएमबि क्यापिटल लिमिटेडलाई सो कार्य गरे वापत रु. १,५०,०००/- (कुनै दायित्व नआएमा) र प्रत्याभूति रकमको ४.००% (कुनै किसिमको दायित्व सिर्जना भएमा) कमिशनको रुपमादिइने छ ।

**(ई) विज्ञहरु :**

सो नभएको ।

**(उ) लेखापरिक्षक:**

कम्पनीले प्रक्षेपित वित्तीय विवरणहरुको प्रमाणित गर्ने कार्य गरे बापत लेखापरीक्षकलाईरु. ५०,०००/-(कर बाहेक) प्रदान गरेको छ ।

**(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):**

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मिति २०७४/०२/१२ लागू भएको अवस्था तथा धितोपत्र बोर्डको मिति २०७४/०२/१० को प्रेश विज्ञप्ती/परिपत्र अनुसार आस्वा प्रणाली मिति २०७४ श्रावण महिनादेखि अनिवार्य रुपमा लागू हुने परिप्रेक्षमा अब उप्रान्त आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु संकलन केन्द्रको रुपमा रहने छन् ।

**ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:**

सो नभएको ।

**घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :**

यस विवरणपत्र मार्फत सर्वसाधारणलाई निष्काशन गरिने शेयर प्रिमियम मूल्यमा नभई शेयरको अंकित मूल्य रु. १००/- मा निष्काशन निष्काशन गरिने छ ।

**ङ) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदकोलागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाईधितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदकालागि दरखास्त प्राप्त हुन आएमा नेपाल

धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले आवश्यक निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

शेयर विक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूचि ७ बमोजिमको विवरण सम्बन्धित आस्बा(ASBA)सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईने छ र सोही विवरणका अनुरुप आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

**(ङ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**

हाल सम्म सूचीकरण भई नसकेको।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**

सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

**च) प्रत्याभूति सम्बन्धी विवरण:**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये १००% ले हुन आउने ३,९०,००० कित्ता साधारण शेयरको लागि रु. ३,९०,००,०००/- एनएमबि क्यापिटल लिमिटेड, नागपोखरीद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

१. प्रत्याभूतिकर्ताले ३,९०,००० कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ।

२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत कम्पनीले रु १,५०,०००/- (कुनै दायित्व नआएमा) र प्रत्याभूतित रकमको ४.००% (कुनै किसिमको दायित्व सिर्जना भएमा कमिशनको रुपमा दिइने छ।

३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूतित कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ।

४.यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ।

५.यस सम्झौता पत्रको अवधि हस्ताक्षर गरेको मितिदेखि ६ महिनासम्म हुनेछ।

६.यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वतः खारेज हुनेछ।

७.उक्त अवधिमा कुनै विवाद उत्पन्न भएमा आपसी सम्झदारीमा समाधान गरिनेछ तर सम्झदारीमा आउन नसक्ने अवस्थामा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने छ।

**छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन्।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही कम्पनीले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभांश वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकृती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ।

**(ख)नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण**

१. कम्पनीको प्रवन्ध–पत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, डिल्लीबजार-३३ र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।

२. प्रत्येक आवेदकले कम्तीमा ५० (पचास) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। ५० (पचास) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम १हजारकित्ता बराबरको रु.१ लाख रकम सम्मको शेयरका लागि आवेदन दिन सक्नेछन्।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ (जस्तै: आवेदकको हितग्राही खाता नं, बैंकको खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि)।

३. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।

४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

५. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा(ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

६. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

७. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फारममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।

९. आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) हाल भिमेश्वर न.पा. वडा नं ५ र ७ (साविकको भिमेश्वर न.पा वडा नं ८, ९, र ११), हाल शैलुङ्ग गाउँपालिका वडा नं ४ (साविकको मागपौवा गा.वि.स वडा नं ५) र हाल शैलुङ्ग गाउँपालिका वडा नं ५ (साविकको काटाकुटी गा.वि.स वडा नं ६) का बासिन्दाहरुलाई जारी गरेको शेयर खरीद गरी कायम भएका शेयरधनीरुले यस विवरण पत्र मार्फत सर्वसाधारणहरुलाई जारी गरिनेसाधारण शेयर खरीद गर्नका लागि आवेदन दिन पाउने छैनन्।

**११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:**
सो नभएको।

**(ख) आधारभूत शेयरधनी:**
सो नभएको।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :**
सो नभएको।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :**

सो नभएको ।

(ङ) **संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा:**

सो नभएको ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण:**

सो नभएको ।

**१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु:** सो नभएको ।

**१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या**

सो नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या**

सो नभएको ।

**१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

सार्वजनिक निष्काशन भन्दा अघि यस कम्पनीले प्रचलित कानून बमोजिम उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुकालागि धितोपत्र निष्काशन गर्दा विवरणपत्र प्रकाशित गरिएको बाहेक अन्य विवरणपत्र प्रकाशित नगरीएको ।

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण:**

क) **लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक** :
  कम्पनीको आ.व.२०७२/७३ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण एन चौधरी एण्ड एसोसियट्सका सि.ए निरन्जन चौधरीले गर्नुभएको छ।
- **निष्काशन बैंक(Bankers to the Issue):**
  धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ:**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा कम्पनी आफै रहेको छ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ:**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउन्टेण्ट श्रीअरुण शर्मा रहनु भएको छ।

(ख) **माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूदा तथा शर्तहरु:**

- **लेखापरीक्षक :**
  सो नभएको ।
- **निष्काशन बैंक(Bankers to the Issue):**
  धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

**१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:**

चर्नावती खोला आयोजना निर्माण गर्नकालागि संस्थापक शेयरधनीहरुका स्वलगानी तथा लिड बैंकको रुपमा बैंक अफ काठमाडौं लुम्बिनी लिमिटेड र सहभागी बैंकहरुमा सिद्धार्थ बैंक लिमिटेड, सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेड र ग्लोबल आईएमई बैंक लिमिटेडबाट सहवित्तीयकरण ऋण व्यवस्थापन गरिएको छ। उक्त कर्जाको कुल स्वीकृत सीमा रु. ५४ करोड भएकोमा २०७३ पौष मसान्तमा बाँकी कर्जा रु. ४५करोड ६५ लाख रहेको छ।

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**

सो नभएको।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:**

सो नभएको।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :**

सो नभएको।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :**

सो नभएको।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ साथै गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा **स्मृति महर्जनलाई फोन नं ४४३७९६३** मा सम्पर्क गर्न सकिनेछ।

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

सो नभएको।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:**

हालसम्मकम्पनीलेऋणपत्र निष्काशन गरेको छैन।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:**

हालसम्म कम्पनीलेअग्राधिकार शेयर जारी गरिएको छैन।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:**

सो नभएको।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

| सि.नं. | परिवर्तन भएको लेखापरीणको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत /बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | बि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरीक्षक) | साधारण सभाबाट | आ.व. २०७१/०७२ |
| २ | जोशी एण्ड भण्डारी (लेखापरीक्षक) | साधारण सभाबाट | आ.व.२०७२/०७३ |
| ३ | कुमुद कुमार दुगड (सञ्चालक) | व्यक्तिगत | आ.व.२०७२/०७३ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता:**

टीकापुर-९, कैलालीमा स्थायी बसोबास रहनु भएका श्री प्रदीप कुमार दास कमपनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ। श्री प्रदीप कुमार दासले सिक्किम मनिपाल विश्वविद्यालय (भारत)बाट एमबिए सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**

कम्पनीको मिति २०७२/०९/०१ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्याइएको रु.१००/–अंकित दरको ६,५०,००० कित्ता साधारण शेयर मध्ये रु.३,९०,००,०००/– बराबरको रु.१००/–अंकित दरको ३,९०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुकालागि (कर्मचारी समेत) निष्काशन गरिने निर्णय गरिएको छ। साथै सो कार्यको लागि एनएमबि क्यापिटल लि., नागपोखरी काठमाडौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबवन्धकमा नियुक्त गर्ने निर्णय गरेकोछ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:**

आयकर ऐन २०५८ को दफा ११(३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो सात वर्षसम्म पुरै आयकर छुट पाउनेछ। साथै, विद्युत ऐन २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील, पाइप, उपकरण आदिको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।

१.कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालयकाठमाडौंजिल्ला, डिल्लिबजार वडा नं. ३३।

२.धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक- एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु.१००।– अङ्कित मूल्य (Par Value)का कुल ३,९०,००० कित्ता साधारण शेयरमध्ये २ प्रतिशत अर्थात ७,८०० कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुलागि सुरक्षित गरिएको तथा ५ प्रतिशत अर्थात १९,५०० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुलाई बाँडफाँड गरिनेछ। यसरी छुट्याइएको शेयर कर्मचारीहरुमा कम्पनीको संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँडगर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएका अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

**(ञ) धितोपत्र विक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ।

**(ट)क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

बोर्डबाट क्रेडिट रेटिङ्गसम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA NEPAL)ले यस कम्पनीद्वारा जारी गर्न लागेको शेयर निष्काशनलाई"[ICRANP] IPO Grade 4"प्रदान गरेको छ।[ICRANP] IPO Grade 4लेऔषत भन्दा तल आधारहरु (Below Average Fundamentals)जनाउदँछ।

**(ठ) विवरणपत्र तयार गर्नेव्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक- एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

- आयोजनाबाट प्राप्त हुने आयमा ७ बर्ष (आ.व. २०७५/२०७६. साल सम्म) आयकर छुट तथा सो पश्चात ३ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको।

- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढिमा ३० दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**(त) धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुको विवरण :**

**१. आफ्नो उदेश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यकता कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको :**

कम्पनीले मिति २०७१/०३/३१ गते पब्लिक लिमिटेडको रुपमा दर्ता भई आफ्नो उद्देश्यअनुसारको कारोवार सञ्चालन गरिरहेको छ ।

**२. प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको :**

कम्पनीले मिति २०७२/०७३ सम्मको लेखापरीक्षण मिति २०७३/०९/१९ गते गरिसकेको छ । कम्पनी ऐन २०६३ को प्रावधान अनुरुप कम्पनीले आर्थिक वर्ष २०७२/०७३ को साधारण सभा मिति २०७३/१०/२५ गते सम्पन्न गरिसकेको छ ।

**३. आफ्नो उदेश्य अनुसार कारोबार संचालन गर्नकालागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृती लिइसकेको :**

कम्पनीले आफ्नो उद्देश्य अनुसारको कार्य गर्नकालागि चर्नावती खोलामा आयोजना निर्माण, उत्पादन तथा संचालन गर्न मिति वि.स.२०६७/०८/१७ गते विद्युत उत्पादनको अनुमतीपत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट स्वीकृति लिईसकेको छ । साथै,कम्पनीले निर्माण गरेको चर्नावतीखोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६७ साल बैशाख १३गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ ।

**४.संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरदि वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको :**

कम्पनीले आयोजनाको निर्माणकार्य सम्पन्न गरी व्यवसायीक उत्पादन मिति २०७० /०२/२४ मा शुरु गरिसकेकोले आयोजनाका लागि आवश्यक जग्गा खरीद, कारखाना भवन, गोदाम घर तथा अन्य सुविधाहरुको निर्माण कार्य सम्पन्न भईसकेको छ । नेपाल हाइड्रो डेभलपर लिमिटेड (चर्नावती जलविद्युत आयोजना) अर्न्तगत Cascade Projectको रुपमा तल्लो चर्नावती जलविद्युत आयोजना निर्माण गर्ने अवधारण अनुसार नै कम्पनीले तल्लो चर्नावती जलविद्युत आयोजना समेतलाई प्रयोग हुने कार्यालय, गोदाम, कर्मचारी आवास, पहुँच मार्ग, इन्टेक प्रयोग गर्न सकिने गरी निर्माण गरेको र स्वीचयार्ड, सवस्टेशन एवं पावरहाउस पनि सो योजना अनुसार नै केहि बढी मात्रामा जग्गा खरीद गरिएको अवस्था छ ।आयोजनाको लागि आवश्यक पर्ने जग्गामध्ये ११-२-३-२ रोपनी पहिले नै किनिसकिएको र तल्लो चर्नावती आयोजनाको लागि बाँकि ७-१३-२-२ रोपनी जग्गा किन्नको लागि अन्तिम चरणमा रहेको ।

**५.उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरीद गर्नुपर्ने भएमा टेन्डर आदी गरी खरीद प्रक्रिया अगाडी बढाइसकेको :**

आयोजनाको व्यवसायीक उत्पादन मिति २०७० /०२/२४ गते सम्पन्न भईसकेकोले यान्त्रिक उपकरण तथा पार्टपुर्जा आदिको खरीद भई आयोजना पूर्ण रुपमा सञ्चालनमा गरिसकेको छ ।

**६.धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भईसकेको :**

कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्नका लागि निष्काशन तथा विक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंसँग सम्झौता भईसकेको ।

**७.आयोजना निर्माण अवधीभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :**

यस कम्पनीको आयोजना निर्माण अवधीभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं ।

**८. संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शतप्रतिशत चुक्ता भैसकेको :**

संस्थापकहरुले आफुलेलिन कबुल गरेको १९,५०,००० शेयर कित्ताको प्रति शेयर रु.१००/-का दरले रु. १९,५०,००,०००/- शतप्रतिशत रकम चुक्ता भैसकेको छ।

**९. परियोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure) भैसकेको :**

यस कम्पनीको लागि बैंक अफ काठमाडौं लिमिटेडको अगुवाइमा इ.स. अप्रिल २२, २०१०मा सह-वित्तियकरण मार्फत फाइनान्सिएल क्लोजर भैसकेको छ।

**१०. जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्भौता गरिसकेको :**

यस कम्पनीले चर्नावती खोलामा आयोजनाको लागि सम्पूर्ण कार्य सम्पन्न भईसकेको तथा विद्युत खरदि सम्भौता मिति २०६७/०१/१३ मा सम्पन्न भइसकेको छ।

**११. सर्वसाधारण निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभुत गराएको :**

सर्वसाधारण निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंद्वारा प्रत्याभुति गरिएको छ।

**२३ सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत:**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री ज्ञानेन्द्र लाल प्रधान | कार्यकारी अध्यक्ष | |
| २. | श्री देव किशन मुन्दडा | सञ्चालक | |
| ३. | श्रीपशुपतीमुरारका | सञ्चालक | |

२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

The image cannot be displayed. Your computer may not have enough memory to open the image, or the image may have been corrupted. Restart your computer, and then open the file again. If the red x still appears, you may have to delete the image and then insert it again.

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र:

PAN-603324480

COP No- 660
ICAN Registration No.-559

# N.Chaudhary & Associates

Chartered Accountants

## INDEPENDENT AUDITOR'S REPORT
## TO THE SHAREHOLDERS OF M/S NEPAL HYDRO DEVELOPER LIMITED

We have audited the accompanying balance sheet of the **M/s Nepal Hydro Developer Limited (Formerly M/s Nepal Hydro Developer Private Limited)** as of **Ashad 31, 2073 (July 15, 2016)** and the related statements of income, Change in equity and cash flows for the year then ended and summary of significant accounting policies and other explanatory notes.

**Management's Responsibility for the Financial Statements.**
Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal accounting Standards. This responsibility includes: designing, implementing and maintaining internal controls relevant to preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Auditor's responsibility**
Our responsibility is to express an opinion on these financial statements based on our audit. We conduct our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirement and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatement.
An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosure in the financial statement. The procedures selected depend on our professional judgment, including the assessment of the risk of material misstatement of the financial statement, weather due to fraud or error. In making those risk assessment we consider internal control relevant to the entity's preparation and fair presentation of the financial statement in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of the expressing on the opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of the accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statement.
We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

**Opinion**

In our opinion the accompanying financial statements give true and fair view, in all material respect, the financial position of **M/s M/s Nepal Hydro Developer Limited (Formerly M/s Nepal Hydro Developer Private Limited)** as at **Ashad 31, 2073 (July 15, 2016)** and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal accounting standards, other relevant applicable laws.

**Report on other legal and Regulatory requirements.**
On the basis of our examination, we would like to further report that:

a) We have obtained prompt replies to our queries and explanation asked for.
b) The Balance Sheet, Income statements are in agreement with the books of accounts maintained by the company.
c) The accounts and record of the company have been accurately maintained in accordance with the law.
d) To the best of our information and according to the explanations given to us, neither the board of directors nor any employee of the company have acted contrary to legal provisions relating to accounts nor committed any misappropriation causing loss or damage to the company.

CA. Niranjan Chaudhary
Proprietor
N. Chaudhary & Associates
Chartered Accountants

N. Chaudhary & Associates Birgunj Chartered Accountants

Place: Kathmandu
Date: 03/01/2017

Adarshanagar-7, Birgunj, in front of Hotel Pujan/ Everest Bank Ltd
Phone- 051-524707, Mobile- 9855025523
Email: niranjan.chaudhary23@gmail.com

**ICRA NEPAL**

# ICRA Nepal Limited

Ref No: ICRAN/073/074/GRA/047

Date: July 14, 2017

Mr. Pradeep Kumar Das
Finance Controller/Company Secretary
Nepal Hydro Developer Limited
Kathmandu, Nepal

Dear Sir,

**Re: <u>ICRA Nepal Grading of IPO Issue of 390,000 nos. Equity Shares to be issued by Nepal Hydro Developer Limited to the Public ("Initial Public Offer")</u>**

Please refer to your mandate letter dated 9th July 2017 for grading the Initial Public Offer of Nepal Hydro Developer Limited. The Rating Committee of ICRA Nepal, after due consideration, has assigned the **"[ICRANP] IPO Grade 4"**[1] (pronounced ICRA NP IPO Grade Four) grading to the captioned Initial Public Offer programme. This grading indicates below-average fundamentals.

In any of your publicity material or other document wherever you are using the above grading, it should be stated as "[ICRANP] IPO Grade 4". We would appreciate if you can sign on the duplicate copy of this letter and send it to us within 35 days from the date of this letter as a token of your confirmation about the use of this letter. The rationale for assigning the above grading has been enclosed with this letter.

This grading is specific to the terms and conditions of the proposed IPO issue as was indicated to us by you and any change in the terms or size of the IPO would require the grading to be reviewed by us. If there is any change in the terms and conditions or size of the rated IPO, as above, the same must be brought to our notice before the issue of the IPO. If there is any such change after the grading is assigned by us, it would be subject to our review and may result in change in the grading assigned.

ICRA Nepal reserves the right to suspend, withdraw or revise the above grading at any time on the basis of new information or unavailability of information or such other circumstances, which ICRA Nepal believes, may have an impact on the aforesaid grading assigned to you.

The grading, as aforesaid, however, should not be treated as a recommendation to buy, sell or hold the Equity Shares to be issued by you. If the issue graded, as above, is not placed by you within a period of 6 months from date of this letter communicating the grading, the same would stand withdrawn unless revalidated before the expiry of 6 months.

ICRA NEPAL LTD. KATHMANDU 2011

[1] IPO fundamentals are graded on a five point scale from Grade 1 (indicating strong fundamentals) to Grade 5 (indicating poor fundamentals). For the Grading categories 2, 3 and 4, the sign of + (plus) indicates their relative better position within the Grading categories concerned.

Regd. Office :
Sunrise Bizz Park - 6th Floor,
Dillibazar , Kathmandu - 33, Nepal

Tel. : +977 1 4419910/20
Fax : +977 1 4419930

Website : www.icranepal.com
Email : info@icranepal.com

RATING • RESEARCH • INFORMATION

The image cannot be displayed. Your computer may not have enough memory to open the image, or the image may have been corrupted. Restart your computer, and then open the file again. If the red x still appears, you may have to delete the image and then insert it again.